# नीति तथा कार्यक्रम

२०८०।०८१

## श्री प्रेम वहादुर लामा

## अध्यक्ष

नाम्खा गाउँपालिका, याल्वाङ्ग हुम्ला

मिति २०८०।०३।१०

नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

गाउँसभाका उपाध्यक्षज्यू
सभाका सचिव तथा निमित्त प्रमुख प्रशाकीय अधिकृत ज्यू
समन्वय सदस्य ज्यू
सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु
राष्ट्सेवक कर्मचारीहरु
उपस्थित महानुभावहरु तथा सुरक्षाकर्मीहरु

यस नाम्खा गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को लागि नाम्खा गाउँपालिकाको नीति तथा कार्यक्रमहरुलाई गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । हामीले यस सम्मानीत गाउँसभामा हाम्रो कार्यकालको दोस्रो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएको छु ।

यसै क्रममा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना पछि गठित दोस्रो स्थानीय सरकारका रुपमा हामी सवै जनप्रतिनिधि ज्यूहरुलाई आफ्नो अमूल्य जनमत दिइ निवार्चित गराउनु हुने सम्पूर्ण गाउँपालिका निवासी आमा बुबा, दिदी बहिनी तथा दाजुभाईलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

नेपाली जनताको त्याग र बलिदानीले विभिन्न आन्दोलनका उपलब्धी स्वरुप प्राप्त संविधान सभाद्धवारा निर्मित नेपालको संविधानले तीन तहका सरकारको व्यवस्था गरी शासकीय सत्तालाई जनताको घरदैलोमा पुर्याएको छ । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र सार्वभौम अधिकार जनतालाई नै प्रदान गरी उनीहरुको शासकीय प्रबन्ध स्वयमबाट नै गराइने शासकीय पद्धती हो । अधिकार सम्पन्न स्थानीय सरकारको व्यवस्थाले प्रत्येक नागरिकलाई शासन प्रणालीमा प्रत्यक्ष रुपमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरेको छ ।

यस अवसरमा नेपालमा प्रजातन्त्र, बहुदलिय व्यवस्था, दश वर्षे जनयूद्ध संघीय लोकतान्त्रि गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदरुपर्ति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनको क्रममा घाइते तथा बेपता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

म सम्पूर्ण गाउँपालिकाबासीहरु प्रति बफादार रही सत्य निष्ठापूर्वक गाउँपालिकालाई समृद्ध र सुखी गराउनुको साथै नागरिकहरुको शिक्षा, स्वास्थ्य, रोजगार र जीवनस्तरमा सुधार गरी सहज जीवनयापन गर्न पाउनु पर्ने अधिकारको सुनिश्चितता गर्दै गाउँपालिकाबासीको अमूल्य मतदानबाट प्राप्त जिम्मेवारी प्रति म संधै सचेत रहने छु ।

आगामी ५ वर्ष भित्र समृद्ध, अर्गानिक र एक नमूना गाउँपालिका बनाउने दृष्टिकोण यस गाउँपालिकाको रहेको छ भने आन्तरिक आम्दानीलाई सबल बनाउदै प्राप्त श्रोत र साधनको अधिकतम सदुपयोगको माध्यमबाट गाउँपालिकाको समग्र पक्षको द्रुत विकास गर्ने प्रतिबद्धता पेश गर्न चाहान्छु ।

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

यस गाउँपालिकामा शान्ति, विकास, समृद्धि र सुशासन कायम गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन अतिआवश्यक विकासका पूर्वाधारहरूको निर्माण गर्दै "शिक्षित नाम्खा, स्वावलम्वी नाम्खाली " भन्ने अभियानलाई आत्मसात गर्दै अघि बढिरहने छौं । साथै हाम्रो अभियानलाई मुर्त रुप दिन देहाय बमोजिमका नीतिहरु यस गरिमामय सभा समक्ष पेश गर्न गइरहेको छु ।

गाउँ गाउँमा स्थानीय सरकार आए पश्चात जनताहरुमा विकासका अपेक्षाहरु धेरै छन तर सवै विकास तथा अपेक्षाहरु एकै पटक पूरा गर्न सम्भावना नभएको हुँदा सीमित श्रोत साधनबाट असीमित विकासका अपेक्षाहरु पूर्ति गर्नुपर्ने भएकाले आवश्यकता, प्राथमिकता,सम्भाव्यता र औचित्यताका साथसाथै बजेटको सिमितताका विचबाट विकासको बाटो पहिल्याउने मूल उदेश्यले मैंले नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

<u>विदयमान परिवेश -राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक आदि)</u>

गाउँसभाका सदस्य ज्यूहरु

विश्व व्यापीरुपमा फैलिएको कोभिड १९ महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थतन्त्र पुन युक्रेन र रुस वीच युद्ध र सोबाट आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वितिय हस्तान्तरणमा नकरात्मक असर पर्न गएको छ । नेपालले जनसांख्यिक लाभ लिंदै अल्प विकसित मुलुकबाट विकाशिल मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरु रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भिर बनाएको छ । आन्तरिक र बाह्य बसाई सराई कारणले नेपालका गाउँ घरहरु सुनसान वस्तीको रुपमा रुपान्तरित हुन पुगेको छन् । यस सन्दर्भमा युवालाई देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँ घरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितमा हामीले हाम्रो अर्थतन्त्रलाई पुर्न उत्थानसिल कृयाकलाप मार्फत अगाडी बढाउँदै तीव्र र दिगो आर्थिक विकास गरी समृद नेपाल सुखी नेपालीको मूल लक्ष्य हासिल गर्न परेको छ । यसका लागि हामा गाउँपालिकाका स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्धतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

**<u>विकास तथा समृदिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती र विद्यमान अवसरहरु थुप्रै रहेका छन् । तथापि यी</u> हामा लागि देहाय बमोजिमका अवसरहरु रहनेकाले सन्क्षिप्त प्रस्तुत गर्न गइरहेको छु ।**

१. संविधानत अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटन हुनु ।



नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।

४. गाउँपालिका भित्र भौगोलिक तथा साँस्कृतिक विविधता रहनु ।

५. स्थानीय रैथाने बालीको संरक्षण सम्बर्धन गरी भविष्यमा आइपर्ने भोकमरी तथा खाधन्न संकट न्यूनिकरण गर्ने ।

६. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

७. सडक निर्माणमा भएको लगानी सँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजारसम्मको पहुँच स्थापित हुनु ।

८. घरहरुको निमार्णमा भवनसंहिता हुने क्रम बढ्नु तथा नक्शांकन गर्न नागरिकहरुको आकर्षण बढ्नु ।

९. पर्यटन प्रवर्धनमा जोड दिन सम्भावित क्षेत्रहरुको फिल्म छंयाकन गर्न सकिने ।

१०. नेपालको उच्च भूमिमा रहेको लेक धिँगा, लिमि र अन्य सम्भावित क्षेत्रहरुमा खेल मैदान निर्माण गर्न सकिने।

११. चरणयोग्य क्षेत्रहरुमा पशुपालनमा युवाहरुलाई प्रोत्साहन गरी दुग्धजन्य सामग्रीहरुको उत्पादन तथा बजारीकरण गर्न सकिने ।

**विद्धमान चुनौतीहरु**

हाम्रासामु देहाय बमोजिमका चुनौतीहरु रहेका छन ।

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय विउविजन, मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाई कृषि व्यवसायप्रति आकर्षित गर्नु ।
५. व्यवसायिक कृषकको संख्या बृद्धि गर्नु ।
६. बैदेशिक रोजगारीबाट फर्केका सिपयूक्त यूवाको सिप तथा पूँजीलाई उधम विकासमा उपयोग गर्नु ।
७. निमार्ण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना,डिजाइन तथा ड्रइङ गरिने सडक तथा अन्य पूर्वाधारको संरचना निमार्णको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ,बाढी पहिरो तथा डुबान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तिमा भवन निर्माण कार्यलाई रोक्नु ।
१०. अव्यवस्थित वस्ती विस्तारको क्रम रोक्नु तथा व्यवस्थित वस्ती विकास गर्नु ।
११. वैज्ञानिक,जलवायु उत्थानशिल तथा व्यवहारिक एवं उपयूक्त भूउपयोग योजना तर्जुमा गरी लागु गर्नु ।
१२. सञ्चार सेवा प्रदाय संस्थाहरुबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।



नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

१३. प्राकृतिक श्रोत तथा नदिजन्य पदार्थ( ढुंगा,बालुवा,गिट्टीको ) मापदन्ड अवलम्वन नगरी अत्यधिक दोहन रोक्नु ।

१४. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना पूँजीगत सम्पति को लगत तयार गर्नु मूल्यांकन गर्नु सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु ।

**चालु आ वको हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण उपलब्धि भौतिक पूर्वाधार विकासका क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायत**

यस गाउँपालिकामा धैरै जसो वडाहरुमा ट्र्याक खोल्ने देखि सडक स्तर उन्नतिका कामहरु धमाधम भइरेका छन । बाँकी वडाहरुमा आगामी आव मा सडकको पहुँच पुरयाइने छ । गाउँपालिकाले विभिन्न वस्ती तथा पर्यटकीय क्षेत्रहरुमा समेत सर्वयाम गाडी चल्ने पूर्वाधार विस्तार गरिने छ ।

**सामाजिक विकास शिक्षा स्वास्थ्य लक्षित समुहका क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा रहेको प्रशासकीय भवन र १५ शैय्या अस्पताल निर्माणको कार्य स्वीकृत भई जग्गाको काम अन्तिम चरणमा पुगेको छ । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा स्वास्थ्य बैकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ ।

विकास विभिन्न क्षेत्रमा महिला तथा युवाहरुको संलग्नता बढेको छ । युवाहरुको खेलकुदमा संलग्नता बढाउनको लागि खेल मैदान निर्माण कार्यको थलानी भएको छ ।

**आर्थिक विकास (कृषि, उधोग पर्यटन,, सहकारी, रोजगार ) का क्षेत्रमा भएका उपलब्धी**

वन वातावरण, जलवायु परिर्वतन तथा विपद व्यवस्थापन वन वनस्पति वन्यजन्तु जैविक विविधता जलाधार व्यवस्थापनलाई समेट्ने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी, हरित उधम र पर्यापर्यटनको विस्तार गरिएको छ । गाउँपालिकामा रहेका विभिन्न सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरु प्रारम्भ भएका छन । स्थानीय स्तरमा उपलब्ध हुने चुली खामु ओखर डुटेलो धुपी तथा निगाला जातका वनस्पतिहरुको संरक्षण गरी तिनीहरुको प्रशोधन केन्द्रको स्थापना गर्ने रोड म्याप निर्माण भएको छ ।

आधुनिक कृषि पद्धतिलाइ आत्मसाथ गर्दै यस आ वमा आधुनिक कृषि औजार तथा सामाग्रीहरु खरिद गरिएका छन् । वन वातावरण संरक्षण, जलवायु परिवर्तन र जैविक विविधता संरक्षणका लागि गैह् सरकारी संस्थाहरु संग समन्वय गरी विभिन्न किसिमका कार्यहरु भएका छन् ।

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

गाउँसभाका सदस्यज्यूहरु,

नाम्खा गाउँपालिकाको भुगोल र यहाँका आदरणीय जनसमुदायलाई केन्द्रमा राखी **'शिक्षित नाम्खा स्वावलम्वी नाम्खाली'** नाराका साथ आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम पेश गर्न चाहान्छु । नाम्खा गाउँपालिकाको पहिलो प्राथमिकता शिक्षा, स्वास्थ्य, यातायात, उद्यमशिलता र स्वरोजगार रहेको छ। यसका लागि पूर्वाधार विकास, सामाजिक विकास, कृषि पशु, वन जंगल तथा खानीजन्य उत्पादन र उद्योग, पर्यटन र वातावरण, विज्ञान प्रविधि र नव प्रवर्तन र सुशासनमा जोड दिएको छु ।

अब म यस गरिमामय गाउँसभामा क्षेत्रगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**(१) सामाजिक विकास समिति**

**(क) आधारभूत तथा माद्यमिक शिक्षा सम्बन्धी,**

१. गाउँपालिकाभित्र गुणस्तरीय शिक्षाका लागि प्राथमिकताका साथ सवै तहका विद्यालयहरुमा प्रभावकारी शिक्षण सिकाइ पद्धति अवलम्वन गरिनेछ ।

२. माद्यमिक स्तर सम्मको शिक्षालाई विद्युतीय माध्यम (स्मार्ट वोर्ड) र प्रोजेक्टर एवं कम्प्यूटरवाट बालबालिकालाई अध्ययन गराउन महाबौद्ध माविबाट शुरु गरी सवै विद्यालयमा विकास गर्ने नीति अख्तियार गरिनेछ ।

३. गाउँपालिकालाई साक्षर वनाई यसै वर्ष साक्षर पालिका घोषणा गरिनेछ ।

४. हरेक वस्तीमा वाल विकास केन्द्रको स्थापना गरिनेछ । सोको लागि नजिकको सामुदायिक विद्यालयवाट हेर्ने नीति लिइएको छ।

५. बालवालिकामा लगानी गर्ने नीति अनुसार बालमैत्री वातावरण निर्माण, विकास र विस्तार गर्दै लगिने छ ।

६. सम्भोटा लिपीमा स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिनेछ ।

७. गाउँपालिका अन्तर्गतका वालबालिकाको आधारभुत आवश्यकता पहिचान र समाधानका लागि अध्यक्ष संग बालबालिका कार्यक्रमलाइ निरन्तता दिइने छ ।

८. गाउँपालिकाको लागि बालमैत्री अवधारणालाइ विकास र विस्तार गर्दै आगामी ४ बर्ष भित्र प्रत्येक वडा हुँदै बालमैत्री गाउँपालिका घोषणा गर्ने नीति लिइएको छ ।

९. शैक्षिक सत्र शुरु हुनु भन्दा अघि प्रधानाध्यक भेला सन्चालन गरी शैक्षिक योजना बनाइ कार्यान्वयन गरिने छ ।

१०. गाउँपालिका भित्र भएका सम्पूर्ण विद्यालयहरुमा शैक्षिक क्यालेण्डर निर्माण गरिने छ ।

**(ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी,**

१ प्रत्येक तहका विधालयका विद्यार्थीहरुको शारीरिक विकासलाई सघाउ पुर्याउन आन्तरिक तथा वाह्य खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

२ प्रत्येक विद्यालयमा नियमित शुक्रवारे अतिरिक्त क्रियाकलाप अनिवार्य गराउने नीति अख्तियार गरिनेछ ।

३ गाउँपालिकास्तरीय खेलकूद परिषद (गाखेप) गठन गरी गाउँपालिका स्तरीय अध्यक्ष कप प्रतियोगिता सञ्चालन गरिनेछ ।

(ग) आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी

१. सबै तहका विद्यालयहरुमा आधारभुत किसिमको बालमैत्री खानेपानी तथा शौचालय लगायतका सबैखाले सुविधाको उचित व्यवस्था गर्दै तीन तारे र पाँच तारे विद्यालय बनाउने नीति लिइएको छ।

२. सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधि र अत्याधुनिक उपकरणको आपूर्ति गरिने । साथै संस्थागत स्तरवृद्धि तथा जनशक्ति व्यवस्थापन गर्ने गराइनेछ ।

३. सबै संस्थाहरुलाई स्वच्छ वातावरणीय संस्थाका रुपमा रुपान्तरण गर्ने नीति लिइएको छ ।

४. गाउँपालिका भित्रका सबै वडाहरुमा पहिलो पटक गाउँपालिकाबाट अनिवार्य स्वास्थ्य बिमा लागु गरिने छ । गरिविका रेखामुनी रहेका र पछाडि परेका समुदायलाइ गाउँपालिकाबाट संधै निशुल्का स्वास्थ्य वीमा गरीदिने नीति लिइएको छ ।

५. अपांगता भएका व्यक्तीहरुलाइ निशुल्क स्वास्थ्य सेवा स्वास्थ्य विमा गरिनेछ ।

६. विद्यालय तथा बस्तीलाई स्वच्छ र सफा वातावरणमा राख्न उत्कृष्ट विद्यालय र विद्यार्थीले सरसफाई तथा अनुगमन गरे वापत वातावरणीय पुरस्कार प्रदान गरिनेछ।

७. गाउँपालिकामा रहेका (मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह) जस्ता दिर्घरोगबाट पिडित नागरिकहरुलाइ दिर्घ रोग उपचारार्थ निशुल्क जाँच र उपचारको नीति लिइएको छ ।

८. हाल सन्चालनमा रहेका बर्थिङ सेन्टर र स्वास्थ्य क्लिनिकहरुलाइ स्तरोन्ती गरी हरेक नागरिकलाइ स्वास्थ्य सेवालाइ सहज र सुलभ अनुभूति बनाउने नीति लिइएको छ ।

(घ) लैंगिक समानता तथा सामाजिक सुरक्षा सम्बन्धी (लैंगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक),

१. हाम्रो गाउँपालिकामा लैंगिक समानताको सुनिश्चितता गरिनेछ ।

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

२. सामाजिक अनुभव बैंकको रुपमा जेष्ठ नागरिक सम्मान तथा सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. याल्वाङ गुम्बासँग सहकार्य गरी जेष्ठ नागरिक आवाशीय भवन निर्माण तथा व्यवस्थापन गरिनेछ ।

४. महिला तथा वालबालिका हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान का अभियान सन्चालन गरी समाजमा हुने सवै प्रकारका हिंसाहरुको अन्त्य गरी शुन्य सहनशिलता तथा शान्ति क्षेत्र गाउँपालिका घोषणा गरिने छ ।

५. आमा सुरक्षा कार्यक्रम र नवजात शिशुका लागि नीतिगत कार्यक्रम थप प्रभावकारी बनाउँदै लग्ने नीति लिइएको छ ।

६. महिला, वाल, अपांगता लगायतको हकहित र अधिकारका लागि लक्षित वर्ग कार्यक्रम तर्जुमा र सञ्चालन गरिनेछ ।

७. सवै वडामा जेष्ट नागरिक र अपांगहरुलाइ अनिवार्य परिचय पत्र वितरण गरिने छ ।

८. लैगिक हिंसा निवारण कोषलाइ निरन्तता दिइने छ ।

(ङ) **गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्वन्धी,**

१. गाउँपालिकाको विकासको लागि गैरसरकारी संस्था, युवा क्लव र सामाजिक संस्थाहरुलाई सधैं सहकार्य र सह लगानी एवं सहयोग गर्दै आवश्यक समन्वय, परिचालन तथा नियमन गर्ने नीति लिइएको छ ।

(च) **सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सम्वन्धी,**

१. गाउँपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई चुस्त र दुरुस्त राखिनेछ ।

२. प्रत्येक वडाहरुमा तथ्यांक अद्यावधिक गर्न शिविर सञ्चालन गरिनेछ ।

३. तथ्यमा आधारित सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रणालीको विकास गरिनेछ ।

(छ) **संस्कृति, सम्पदा, ललित कला तथा पर्यटन प्रबर्द्धन सम्वन्धी,**

१. नाम्खा गाउँपालिकाको विशेष विकासका लागि भोट संस्कृति र आफ्नै लिपीलाइ संरक्षण गर्दै नाम्खा गाउँपालिकाको होडिङ्ग वोर्ड र लेटरप्याड आफ्नै लिपी प्रयोग गरिनेछ ।

२. सवै बस्तीमा रहेका कला तथा संस्कृतिको अभिलेखीकरण गरिनेछ । पुरातात्विक महत्वका हल्जी, तुम्कोट, मुचु, तागिंन, यारी, केर्मी, खगालगाउँ, हेप्का लगायतका गुम्बाको संरक्षण गरिनेछ भने याल्वाङ तथा याङ्गारको गुम्बालाई बौद्ध अध्ययन केन्द्र तथा पर्यटन गन्तव्यका रुपमा विकास गरिनेछ ।

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याल्बाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

३. पर्यटकीय दृष्टिकोणले स्थानीय कला संस्कृतिलाई जोगाइ राख्न कला र संस्कृति प्रर्दशनको लागि महोत्सवहरु आयोजना गर्ने नीति लिइनेछ। कोभिडले थला परेको पर्यटन उद्योगलाई उकास्न आन्तरिक तथा बाह्य पर्यटकलाई विशेष निमन्त्रणा गरी यो वर्ष लिमी महोत्सवको आयोजना गरिनेछ।

४. संस्कृतिका धरोहर विभिन्न चाडपर्व, पोशाक र गरगहना एवं स्थानीय वस्तुहरुलाई अझ व्यवस्थित र मनोरञ्जक वनाउन वृत्तचित्र, ब्रोसर, लेख रचना निर्माण तथा विकास गरी पर्यटन वोर्ड संगको सहकार्यमा विश्वभर प्रचार प्रसार गरिने नीति लिइनेछ ।

५. गाउँपालिका भित्रका विभिन्न पर्यटकिय स्थलको पहिचान गर्न विभिन्न अध्ययन अनुसन्धान गरी पर्यटनस्थलको परिचय सहितको दस्तावेज तयार गरिने छ ।

६. पर्यटन विकास गुरुयोजना नाम्खा गाउँपालिका अनुसार पर्यटन विकासका लागि नाम्खा पर्यटन विकास समिति गठन गरिनेछ ।

७. पहिचान भएका पर्यटकीय गन्तव्यहरुको भौतिक पूर्वाधार निर्माण गरिनेछ ।

८. पहिचान हुन वाँकी पर्यटकीय गन्तव्यहरुको द्रुत गतिमा खोज अनुसन्धान गरिने छ ।

९. पर्यटनमैत्री वन्यजन्तु, वन तथा वातावरण संरक्षण र सम्वर्द्धन गरिनेछ ।

१०. नाम्खाका सबै खाले चाडपर्व जात्रा महोत्सव आदिलाई ब्रान्डिङ गरिनेछ ।

(२) पूर्वाधार विकास समिति

(क) सडक तथा यातायात व्यवस्थासम्बन्धी,

१. गाउँपालिका सबै बस्तीहरुमा यातायात सुविधा पुर्याउने नीति लिइएको छ ।

२. कर्नाली करिडोरदेखि ग्रेट हिमालयन ट्रेलसँग यहाँका नुने तथा खर्क पदमार्गहरु निर्माण तथा विस्तार गरिनेछ ।

(ख) जलविद्युत, ऊर्जा, सडक बत्ती सम्बन्धी,

१. गाउँपालिकालाई पूर्ण विद्युत सुविधायुक्त गाउँपालिका वनाउन नयाँ जलविद्युत आयोजना निर्माण, मर्मत सम्भारका आयोजना निर्माण गर्ने नीति लिइएको छ ।

२. नाम्खा उज्यालो कार्यक्रम सञ्चालन गरी वैकल्पिक ऊर्जा व्यवस्थापन गरिनेछ ।

३. गाउँपालिका भित्र अध्ययन भएका र संभावित जलविद्युत आयोजना निर्माणका लागि सहजीकरण गरिनेछ ।

(ग) सिँचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी,

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

३. जलउत्पन्न प्रकोप नियन्त्रणको लागि आवश्यक स्थानमा तटबन्धनको व्यवस्था मिलाइनेछ ।

(घ) सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन सम्बन्धी,

१. आगामी बर्षमा यस गाउँपालिकामा 4G सेवा जडान गरी सबै बस्तीमा इन्टरनेट सेवा पुर्याउने र एनटिसी सेवा पुग्न नसकेको स्थानमा भिसियाट स्थापना गरी सञ्चार सेवा पुर्याइ सूचनामैत्री गाउँपालिका बनाइने छ ।

(ङ) खानेपानी व्यवस्थापन सम्बन्धी,

१. सबै बस्तीमा दिगो खानेपानी तथा स्वच्छ सरसफाई आयोजना लागु गरिनेछ ।

२. खानेपानी आयोजना निर्माण भएका स्थानमा दिगो व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई व्यवस्थापन समिति बनाइनेछ ।

(च) भवन तथा भवन संहिता एवम् निर्माण इजाजत सम्बन्धी,

१. गाउँपालिकाको दिगो विकास र व्यवस्थित वसोवासको लागि भवन संहिता तथा मापदण्ड अनुसार स्थानीय बस्ती विकास गरिनेछ ।

२. पुराना बस्तीमा बनेका भवनहरुलाई भुकम्परहित र सुविधा सम्पन्न बनाउने नीति लिइनेछ ।

३. चालाको बस्तीलाई सोही वडाको उपयुक्त स्थानमा स्थानान्तरण र हेप्का, जाँग, हल्जी, तिल, न्याम र गारपारीमा बस्ती विकास गरिनेछ ।

४. छरिएर रहेका बस्तीलाई एकिकृत बस्तीको रुपमा विकास गरिनेछ।

५. गाउँपालिका भित्रका सबै सरकारी संस्थामा सार्वजनिक सुविधा सम्पन्न स्थानीय पहिचान दिने भवन निर्माण गरी सेवा प्रवाह गरिनेछ ।

६. अन्तराष्ट्रिय सीमा बजार हिल्सा नाम्खा गाउँपालिकाको सान भएकाले यसलाई हिमाली स्मार्ट सिटीको रुपमा विकास गरिनेछ।

(छ) जग्गा नापी तथा नक्सा, घरजग्गा धनीपुर्जा, भू-उपयोग तथा वस्ती विकास सम्बन्धी

१. पालिकाको जग्गाको बर्गीकरण भएअनुसार भू उपयोग नीति लागु गरिनेछ ।

२. यसै आर्थिक वर्षबाट प्रत्येक वडाको जग्गालाई मुल श्रेस्ताबाट छुट्टा छुट्टै श्रेस्ता खडा गरिने छ । यसबाट पुर्खौ देखिको घरजग्गा धनी पुर्जा नामसारी गर्न सहज हुनेछ ।

३. सरकारी सुविधाबाट टाढा रहेका वस्तीहरुलाई भू-उपयोग तथा वस्ती विकासको माध्यमबाट एकिकृत वस्तीमा विस्तार गर्दै लिइनेछ ।



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

३. सरकारी सुविधाबाट टाढा रहेका बस्तीहरुलाई भू–उपयोग तथा बस्ती विकासको माध्यमबाट एकिकृत बस्तीमा विस्तार गर्दै लिइनेछ ।

(ज) सार्वजनिक निजी तथा सामुदायिक साझेदारी सम्बन्धी

१. सार्वजनिक विकास निर्माणको लागि सार्वजनिक निजी तथा सामुदायिक साझेदारी गर्न सहकार्य र सहलगानी गर्ने नीतिलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

(३) आर्थिक विकास समिति

(क) कृषि, पशुपन्छी तथा सहकारी सम्बन्धी,

१. यो गाउँपालिका पशुपालनको लागि धेरै संभावना भएकोले उपयुक्त स्थानको छनौट गरी आगामी वर्षदेखि पशुपालन पकेट क्षेत्रका रुपमा विकास र विस्तार गरिनेछ ।

२. पशुपालन व्यवसायलाई आधुनिकरण गर्न उन्नत खालका पशुवस्तुको नश्ल सुधार गरी पशु उत्पादनमा वृद्धि गराइनेछ ।

३. पशु व्यवसायलाई प्रभावकारी तथा उत्पादनयुक्त बनाउनका लागि पशु व्यवसायकर्तालाई आधुनिक तालिमको व्यवस्था गरी पशु उत्पादनलाई वृद्धि गर्ने र पशु बिमालाई निरन्तता दिइनेछ ।

४. रैथाने वालीको उत्पादनलाई वृद्धि गर्न पकेट क्षेत्र निर्धारण गरिनेछ । कृषि उत्पादनको बजारिकरण गर्न संकलन तथा बिक्री केन्द्र स्थापना गरिनेछ ।

५. निजी क्षेत्र र स्थानीय समुदायसँगको सहकार्यमा खमु, चुली र ढंटेलोबाट तेल उत्पादन गर्न नाम्खा अर्गानिक तेल कम्पनी स्थापना र सञ्चालन गरिनेछ ।

६. यसअघि अगाडि बढाइएको धुपी उद्योगलाइ निरन्तता दिइ यहाँको वन जंगलमा प्रयास भागमा उपलब्ध हुने थे मेतोक फुललाई पर्यटकीय चीया बगानको रुपमा अगाडि बढाइनेछ ।

७. कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. व्यवसायिक कृषक छनौट गरी *जसको फर्म उसैलाई बिरुवा* अवधारणा अनुसार बिरुवा वितरण गरिनेछ ।

९. उत्कृष्ट बेमौसमी तरकारीको उत्पादन बढाउनका लागि व्यवसायिक टनेल हाउस र ग्रीन हाउस पाल खरिदमा सहयोग गरिनेछ ।

१०. कृषक पकेट क्षेत्र विकासका लागि सबै निकायसँग लागत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

११. नाम्खाको समग्र कृषि विकासका लागि कृषि तथा पशुपन्छी विकास समिति बनाइनेछ ।



नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

१२. आधुनिकरण तथा व्यवसायी बनाउन चाहिने आधुनिक उपकरण तथा औजारहरु व्यवसायी कृषकहरुलाइ उपब्ध गराइने छ ।

१३. आर्थिक सम्भावना बोकेका क्षेत्रहरुको पहिचान गरी व्यवसायी परिचालन गर्न स्थानीय तहमा व्यवसायी वातावरणको विकास गर्न गाउँपालिकाले निजी क्षेत्र, सामाजिक क्षेत्र र सहकारी क्षेत्रको सहभागीतामा रहने गरी एक स्थानीय आर्थिक विकास सम्वाद मन्च गठन गरिने छ ।

१४. कृषि उत्पादन वस्तुहरुको विक्री गर्न बजारिकण र नाम्खा कोसेली घरको व्यवस्था मिलाइने छ ।

**(ख) उद्योग तथा उद्यमशीलता विकास, वाणिज्य, पर्यटन र खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी,**

१. स्थानीय उद्यमीलाई उचित तालिम तथा प्रविधि हस्तान्तरण गरी स्थानीय उत्पादन वृद्धि गराउन प्रेरित गरिनेछ ।

२. संघ र प्रदेश तथा विकास साझेदारसँग समन्वय गरी युवालाई उद्यमशील स्वरोजगार बनाउन आर्थिक सहयोग र उत्प्रेरणा दिइनेछ ।

३. स्थानीय स्रोत साधनको उपलब्धताको आधारमा उद्योग स्थापना र सञ्चालन गरिनेछ ।

४. पहिचान भएका र उपलब्ध हुने जडीबुटीको खरिद, प्रशोधन र विक्री तथा पहिचानमा नआएका जडीबुटीको विषयमा खोज अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ ।

५. उद्योगीहरुको हक हित र औद्योगिक विकासका लागि नाम्खा उद्योग वाणिज्य संघ स्थापना गरिनेछ ।

६. गाउँपालिकाभित्र सञ्चालित सबै आयोजनाहरुलाई पर्यटनमैत्री बनाइनेछ।

७. औधोगिक र व्यवसायलाइ उत्प्रेणा दिन औधोगिक उत्पादन मेलाको प्रर्दशनी गर्न सहजीकरण गरी उत्पादन क्षेत्रको विकासका लागि हौसला प्रदान गरिने छ ।

८. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता कार्य प्रकृयालाइ अनिवार्य वनाइ यसका लागि सरलीकरण र प्रभावकारी वनाइने छ ।

९. पर्यटन प्रबर्वधनका लागि बुहलक्षित र बहुबर्षिय आयोजना तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

१०. नवप्रवर्तन र उद्यमशिलाताका लागि प्रवर्धन गर्न वित्तिय संस्थासंग समन्वय र जिम्मेवारीको व्यवस्था मिलाइने छ ।

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

(ग) सहकारी तथा वित्तीय क्षेत्र,

१. विकासमा सहकारीको स्वदायित्व रहे अनुसार अपनत्वको अनुभव गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

(घ) रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरण सम्बन्धी

१. नाम्खाका सबै युवाहरुको सीप र क्षमताको अभिलेखीकरण गरिनेछ ।

२. स्थानीय युवाहरुलाई स्वरोजगार हुने होटल, कृषि, पशुपालन, व्यापार, र पर्यटन जस्ता सिपमुलक व्यवसाय तालिम सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।

३. "एक घर एक उद्यमशीलता" कार्यक्रम सञ्चालन गरी गरिवी न्यूनीकरण गरिनेछ ।

(४) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

(क) वन, वन्यजन्तु, भू-संरक्षण तथा जैविक विविधता संरक्षण सम्बन्धी,

१. वनलाई जोगाउन र भू क्षय रोक्न स्थानीय समुदायलाई अभिप्रेरित गराउँदै प्रत्येक वडामा कम्तीमा एक सामुदायिक वन उपभोक्ता समिति गठन गरी समितिलाई थप जिम्मेवार बनाइनेछ ।

२. "सुकेकोलाई काममा लगाउँ हरियोलाई जोगाउँ" भन्ने मान्यता अनुरुप वन र वातावरणलाई जोगाउन र फर्निचर उद्योग सञ्चालनमा ल्याउन सहजीकरण गरिनेछ ।

३. वन्यजन्तुको संरक्षण र सम्बर्धन गर्न संरक्षण क्षेत्रको नियमन गरिनेछ ।

४. वन्यजन्तु संरक्षण र वृद्धिका लागि विभिन्न अनुसन्धान तथा संरक्षण सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ । यसको लागि वृत्रचित्र निर्माण, प्रचार सामाग्री लेखन तथा प्रकाशन गरी पर्या पर्यटन विकासमा जोड दिइनेछ ।

५. वन तथा वातावरणलाइ जोगाइ राख्न गाउँपालिकाको विभिन्न स्थानमा वृक्षारोपणको व्यवस्था मिलाइने छ ।

(ख) वातावरण, पर्यावरण एवम् जलाधार क्षेत्र संरक्षण सम्बन्धी,

१. स्थानीय स्वच्छ वातावरणलाई जोगाइ राख्न प्रदुषणमुक्त वस्तुको प्रयोगलाई प्रोत्साहन गर्ने जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. वातावरण जोगाउन टोल विकास समितिका युवा वर्गलाइ परिचालन गरी गाउँघर टोल छिमेकीहरुको घरआगन सफासुगर राख्न विशेष कार्यक्रम लागु गरिनेछ ।



नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

३. गाउँपालिका भित्र रहेका विभिन्न तालतलैया, पानीको मुल, नदिनाला, तथा खोलाको उचित व्यवस्थापन गरिनेछ ।

(ग) फोहरमैला व्यवस्थापन सम्बन्धी,

१. घरधुरी स्तरमा नै "फोहोरलाई मोहोर" बनाउने व्यवस्था मिलाइनेछ ।

२. "हाम्रो नाम्खा, स्वच्छ नाम्खा" निर्माण गर्न सम्पूर्ण युवा तथा विद्यालय सहित विद्यार्थीलाई प्रोत्साहित तथा प्रतिस्पर्धी बनाइनेछ ।

३. पर्यटन प्रवर्द्धनलाई टेवा पूर्याउन प्रत्येक पर्यटन क्याम्पिङ क्षेत्रमा स्वच्छ खानेपानीको उचित व्यवस्था गरिनेछ ।

(घ) जलवायु परिवर्तन, जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी,

१ जलवायु परिवर्तनका कारण हुन सक्ने वातावरणीय प्रभावलाई न्यूनिकरण गरी सन्तुलन कायम गर्न विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमसँग सहकार्य गरी जलवायु परिवर्तन तथा अनुकुलन कार्यक्रम सञ्चालन गरिनेछ ।

३ गाउँपालिका भित्र निर्माण गरिने हरेक भौतिक पूर्वाधार विकास आयोजनाहरुलाइ वातावरण मैत्री वनाइने छ ।

४ स्थानीय अनुकुलन कार्ययोजना (लापा) केन्द्रीत भएर आएका योजनाहरुलाइ प्रथामिकताका आधारमा रहेर कार्य गरिने छ ।

(ङ) विपद् व्यवस्थापन, बारुण यन्त्र, एम्बुलेन्स सम्बन्धी

१ मानव तथा पशुवस्तुको जीवनमा आइपर्ने आपत र विपद्लाई नियन्त्रण एवं व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषको स्थापना गरी विपद् व्यवस्थापन गरिनेछ ।

२ आपतकालीन अवस्थालाई ध्यानमा राखी विरामीहरुलाई छिटो छरितो उपचारको लागि प्रभावकारी एम्बुलेन्स (हवाई तथा गाडी) को उचित व्यवस्था गरिनेछ ।

(५) सुशासन तथा संस्थागत विकास समिति

(क) सेवा प्रवाहको मापदण्ड, स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी,

१. जन सेवालाई अझ प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक ऐन नियम, कार्यविधि र निर्देशिका वनाई लागु गरिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत 

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

२. जनशक्ति व्यवस्थापनका लागि चाहिने विभिन्न खाले सेवाप्रवाह सम्बन्धी क्षमता अभिवृद्धि तालिमहरुको सन्चालन गरी जनशक्तिलाई सवल र सक्षम बनाउँदै लगिनेछ ।

३. जनप्रतिनिधिबाट गरिने जनसेवालाई सहज बनाउन विभिन्न किसिमको ऐन, नियम र जिम्मेवारी बोध गराउने गोष्ठीको आयोजना गरी जनप्रतिनिधिहरुलाई सवल र सक्षम बनाइनेछ ।

४. जनसेवालाई सहज बनाउन स्रोत साधनयुक्त जनशक्ति परिचालन नियमित बनाई मुस्कान सहितको सेवालाई संस्थागत गर्दै लगिनेछ ।

५. गाउँपालिकाभित्र आवश्यक प्राविधिक जनशक्तिको योजनाबद्ध विकासका लागि कृषि, भेटनरी, इन्जिनियरिङ, मेडिकल, पर्यटन, वन र सूचना प्रविधि विषयमा छात्रवृत्ति दिने व्यवस्था मिलाइनेछ ।

६. गाउँपालिकावासीले विभिन्न सेवा आयोगको प्रथम पत्रमा नाम निकाल्न सफल उम्मेदवारहरुलाई तीन महिनाको पढाई खर्च उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

७. रोगजारहरुलाइ व्यवस्थापन गर्नको लागि रोजगार रणनीति योजना निर्माण गरिने छ ।

८. शैक्षिक क्यालेण्ड र प्रोफायल निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९. १ देखि ३ कक्षा सम्मका बालबालिकाहरुका लागि पाठ्यक्रममा व्यवस्था भएअनुसार निरन्तर मूल्याकन प्राणाली लागु गरिने छ ।

१०. एक विद्यालय एक ल्यापटप कार्यक्रम लागु गरिनेछ ।

११. दश वर्षे शैक्षिक योजना निर्माण गरी लागु गरिनेछ ।

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी,

१. संस्थागत विकास नै पहिलो भएकोले गाउँपालिकालाई स्रोत र साधन सपन्न बनाउन सार्वजनिक खरीद प्रक्रिया नै पहिलो आधार हो । यसैको आधारमा गाउँपालिकाबाट सम्पादन हुने सबै कार्यहरु कानुन सम्वद्ध गर्दै नियममा आधारित गाउँपालिका बनाइनेछ ।

२. गाउँपालिकाको नाममा रहेको चलअचल सम्पति संरक्षणको जिम्मा सबैको हो । हालसम्म प्राप्त भएका र पछि प्राप्त हुने सबै खाले साधन वा चलअचल सम्पतिलाई संस्थागत दायित्वमा पर्ने भएकाले सबैलाई अपनत्वका भावनाको विकास हुनु संस्थागत आवश्यकता र अनुशासनभित्र पर्दछ । त्यसैले सबै पक्षले सार्वजनिक सरकारी सम्पतिको प्रयोगमा मितव्ययिता, संरक्षण एवं सम्वर्द्धन र दिगो प्रयोग गर्नु पर्छ भन्ने नीति लिइएको छ ।

३. सार्वजनिक खरिद र सम्पति व्यवस्थापनका लागि अनलाइन मार्फत व्यवस्थित पाम्स सफटवेरमा सम्पतिको लेखाजोखा र तथ्यांक राखी आम्दानी र खर्च निकासी गरिदै आइरहेको छ । गाउँपालिका सदैव यसै प्रणालीमा रहेर सरकारी जिन्सी व्यवस्थापन चलाउने नीतिलाई निरन्तरता दिइने छ ।

नि.प्रमुख प्रशासकिय अधिकृत



टोल बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

(ग) सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध र समन्वय तथा वडाहरुको समन्वय सम्बन्धी,

१. संघीय संरचना अनुसार तीन तहको सरकार सन्चालन भईरहँदा हरेक तहको एक आपसमा अन्तर सम्बन्ध हुनु अत्यावश्यक छ । यस गाउँपालिकाबाट पनि संघ, प्रदेश सरकार र अन्य स्थानीय तहबीच हरेक बिकास साझेदारी तथा कानुनी प्रावधानलाई सहकार्य एवं परिचालन वा परिचालित हुन एक आपस अन्तर सम्बन्ध र समन्वय आवश्यक छ । यसलाई थप मजबुद तथा प्रभावकारिता गर्दै जाने र अन्तरदेशीय तथा अन्य स्थानीय तहबीच भगेनी सम्बन्ध कायम गर्ने नीति लिइएको छ ।

२. हरेक जनसेवा वडास्तरबाटै माथि आउने वा सम्पादन हुने भएकाले जनसेवालाई प्रभावकारी वनाउन गाउँपालिकाको र वडाबीच छलफल, सल्लाह, सहकार्य, अन्तर सम्बन्ध एवं समन्वयंको पाटोलाई प्रभावकारी बनाई जनसेवामुखी र जनउत्तरदायी बनाउन गाउँपालिका र वडाहरुबीच सम्बन्ध र समन्वयमा सदैव लागि रहने नीति लिइएको छ ।

(घ) बैठक व्यवस्थापन सम्बन्धी,

१. वडा र गाउँपालिकामा आउने सबै खाले काम र सोसँग सम्बन्धित बाधा वा समस्याहरुको समाधानका लागि समयमै बैठक र छलफल हुनु आवश्यक भएकाले सरकारी ऐन नियमले तोकेको भन्दा पनि गाउँपालिकाको हित र विकासका लागि आवश्यक छलफल र बैठकको आयोजना गर्ने नीति लिइएको छ ।

(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी,

१. गाउँपालिकामा रहेका बजारमा विक्री हुने सवै खाले खाद्य वस्तुको गुणस्तर र मापदण्डलाई स्वास्थ्यपरक बनाउन बजार अनुगमन गरी नापतौल र मूल्य यकिन तथा अखाद्य वस्तुको नियन्त्रण र नियमन गरी खाद्य सुरक्षाको प्रत्याभूति गराइनेछ ।

२. वाह्य खाद्य वस्तु भन्दा रैथाने (अर्गानी) खाद्यवस्तुलाइ पहिलो प्रथामिकता दिइने छ ।

(च) आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धी,

१. लेखापरीक्षणले औंल्याएका विषयलाई पृष्टपोषणका रुपमा लिई कार्य सम्पादन गर्ने परिपाटीको सिर्जना गर्ने र वेरुजु न्यूनीकरण गर्न सबै सरोकारवालाहरुलाई सचेत गराउँदै अघि बढ्ने नीति लिइनेछ ।

(छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभूषण सम्बन्धी,

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

१. सरकारी बिदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी र विभूषणलाई निरन्तरता दिई स्थानीय पर्व र जात्रालाई विशेष मान्यता सार्वजनिक बिदा दिने नीति लिइनेछ ।

(ज) राजश्व नीति तथा प्रशासन सम्बन्धी,

१. गाउँपालिकाले फराकिलो करको दायराको खोजी र विस्तार गर्ने, आन्तरिक राजश्व वृद्धि गरी स्रोतलाई सवल र सक्षम बनाइनेछ ।

२. गाउँपालिकाले जारी गरेको आर्थिक ऐन बमोजिम सबैखाले वस्तु र विषयलाई करको दायरामा ल्याउने र प्राप्त राजश्वलाई गाउँपालिकाको बढोत्तर हित र विकासमा प्रयोग गरिनेछ ।

(झ) वित्तीय जोखिम न्युनिकरण, आर्थिक प्रशासन तथा बेरुजू फछ्र्यौट सम्बन्धी,

२. गाउँपालिकाको वित्तीय जोखिम न्यूनिकरणका लागि मध्यमकालीन खर्च संरचनाको आधारमा वित्तीय अनुशासनमा रही आम्दानी र खर्चको व्यवस्थापन गरिनेछ ।

३. आन्तरिक र अन्तिम लेखापरीक्षणले औल्याएको पेश्की वेरुजुलाई नियमन गर्ने वा असुल उपर गरी बेरुजु घटाउदै बेरुजु शुन्य गाउँपालिका बनाइ नीति लिइने छ।

(ञ) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी,

१. मानव अधिकारमैत्री गाउँपालिका बनाउने नीति लिइएको छ ।

२. निपष्क्ष र न्यायोचित ढंगले न्याय समितिले न्याय सम्पादन गर्ने र सो प्रक्रियालाइ डिजिटल प्रणालीमा लिइने छ ।

३. गाउँपालिकाभित्रको विवादहरु न्याय समिति मार्फत् हल गरी प्रभावकारी न्याय सम्पादन गर्दै विवाद शुन्य गाउँपालिका बनाइनेछ ।

४. न्याय सम्पादनको कार्यलाइ थप प्रभावकारी वनाउन नेपालको संविधान र स्थानिय सरकार सन्चालन ऐनले दिएको अधिकार भित्र रहेर न्यायिक सम्पादन गर्ने प्रक्रियालाइ व्यवस्थित र न्यायोचित वनाइने छ।

५. सम्पूर्ण वडाहरुमा न्यायिक सम्पादन सहजकर्ताको व्यवस्था मिलाइने छ ।

६. न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुको विषयगत ज्ञान तथा क्षमता विकासका लागि आवश्यक क्षमता अभिवृद्धि गरी न्याय सम्पादनमा सहज ल्याइने छ ।

(ट) योजना, अनुगमन तथा मूल्यांकन र तथ्यांक व्यवस्थापन सम्बन्धी,

१. बस्तीस्तरबाट छनौट भई आएका योजनाहरुलाई उच्च प्राथमिकता दिइ पालिका आयोजना बैंक स्थापना गरिनेछ ।

२. हरेक आयोजनालाई अनुमानयोग्य बनाउन अनुसन्धानका आधारमा विकास गरिनेछ ।



नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

३. गाउँपालिकामा स्थानीय पहिचानका आयोजनाहरुलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

४. गाउँपालिकाबाट सञ्चालन हुने सबै आयोजना तथा कार्यक्रमहरुको पारदर्शिता, जिम्मेवारिता, र जवाफदेहीताको सुनिश्चितता गरिनेछ ।

५. योजना अनुगमन तथा मूल्यांकन समितिलाई थप सक्रिय बनाइनेछ ।

६. गाउँपालिकाभित्रका सबै शाखालाई सुविधा सम्पन्न बनाई तथ्यांक व्यवस्थापन प्रणाली बलियो बनाउँदै लगिनेछ ।

७. गाउँपालिका तथा गाउँपालिकामा सञ्चालित आयोजनाहरुको आवश्यक तेस्रो पक्षीय अनुगमन तथा मुल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

(ड) सुशासन प्रवर्धन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी,

१. गाउँपालिकाद्धारा सम्पादन गरिएका आयोजना तथा कार्यक्रमको चौमासिक र बार्षिक प्रगति प्रतिवेदन, सामाजिक परिक्षण र सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम गरी गाउँपालिकालाई पूर्ण पारदर्शी गाउँपालिका बनाइनेछ ।

२. हरेक आयोजना तथा कार्यक्रम कार्यान्वयन पश्चात सम्बन्धित सरोकारवालाहरुले समुदायस्तर सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरेमा मात्र कार्यक्रमको अन्तिम भुक्तानी दिइनेछ । साथै, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरेको भिडियो रेकर्ड र फोटो सहितको निर्णय अनिवार्य पेश गर्नुपर्ने छ ।

३. गाउँपालिकाभित्र सञ्चालित सबै कार्यक्रमहरुको निरन्तर अनुगमन तथा मूल्यांकनको प्रणालीमा राखी सुशासन कायम गरिनेछ ।

(ढ) नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय सम्बन्धी

१. गाउँपालिकाबाट सम्पादन गरिएका कामको नागरिक लेखाजोखाको लागि कार्यालयमा नागरिक सन्तुष्टी सर्वेक्षण फाराम राखिएको छ । यसलाइ निरन्तरता दिने र प्रत्येक वडाहरुमा सुझाव पेटीका अनिवार्य राख्ने व्यवस्था मिलाइने छ ।

२. आम नागरिकको भावनालाई कदर गर्दै गाउँपालिकाको हित र विकास एवं सुरक्षाको निम्ति सदैव अघि बढ्ने नीति अख्तियार गरिएकोछ ।

(ण) जनशक्ति प्रोत्साहन तथा पुरस्कार सम्बन्धी

१. गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कर्मचारी आचार संहिता अनुसार असल कार्य सम्पादन गरेवापत उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गर्ने परम्परालाई निरन्तरता दिइनेछ ।

नि.प्रमुख प्रशासकिय अधिकृत



प्रेम बहादुर लामा
अध्यक्ष

Scanned with CamScanner

२. गाउँपालिकामा कर्मचारीहरुलाई टिकाई राख्न र सेवामा आकर्षित गर्न कर्मचारीले गर्ने जनसेवाप्रतिको कार्य प्रकृति र जिम्मेवारी एवं कार्य सम्पादन मूल्याकनका आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराइने छ ।

३. गाउँपालिकाको लागत अनुमानभन्दा बढी विकास निर्माण गर्ने र तोकिएको समयभन्दा अगावै आयोजना सम्पन्न गर्ने उपभोक्ता समिति र ठेकेदारलाई प्रोत्साहनसहित प्रशंसा पत्र प्रदान गरिनेछ ।

४. नेपाल सरकार प्रदेश सरकार र स्थानीय सरकारबाट सीमा क्षेत्रमा कार्यरत उत्कृष्ट कर्मचारीलाई नाम्खा सेवा विभूषण दिने व्यवस्था गरिनेछ ।

माथि उल्खित हाम्रा महत्वपुर्ण नीति तथा कार्यक्रमहरु नाम्खा गाउँपालिकाको हित र विकासको निम्ती रहेकोले यी नीति तथा कार्यक्रमलाइ सफल र प्रभाकारी वनाउन हामी सवैको दायित्व र कर्तव्य भएकोले सवै जनप्रतिनिधि र कर्मचारी एवं नाम्खावासीहरु सकृय र जवाफदेहि हुनु जरुरी छ ।

अन्तमा यस गरिमामय गाउँसभामा सहभागी हुनु हुने सम्पूर्ण सभासदस्यज्यूहरुलाइ यो मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाइ सर्वसम्वतले पारितका लागि सम्मानीत सभामा पेश गर्दछु ।

हुन्छ भन्नेले ताली वजाउनुहोस् ।

नि.प्रमुख प्रशासकिय अधिकृत

प्रेम बहादुर लामा
अध्यक्ष



Scanned with CamScanner